दिगो फोहोर व्यवस्थापन गर्न मनहरी गाउँपालिकालाई ध्यानाकर्षण । पृष्ठ ५ मा


# विकास

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक




● मकवानपुर, वर्ष-१७, अंक-३२ ● २०८१ फागुन १२ गते सोमबार, ● 24 February, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरका कृष्णबहादुरः सबल जनप्रतिनीधि, अब्बल किसान

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ५ खोलघारीका किसान कृष्णबहादुर मोक्तान दोहोऱ्याएका जनप्रतिनीधि हुन् । वि.सं. २०७४ सालमा वडा सदस्य पदमा निर्वाचित कृष्ण बहादुर लाई २०७९ को स्थानीय तहको निर्वाचनमा पनि जनताले अनुमोदन गरे ।

जनताको सुख दुःखका सारथि बनेका कृष्ण बहादुर सामाजिक काममा पनि उत्तिकै सक्रिय छन् । योजना, तर्जुमा होस् या सार्वजनिक सुनुवाई नै किन नहोस गाउँ/टोल, वडा भेलामा पुगिहाल्छन् । अहिले वडाध्यक्ष विष्णु बहादुर गुरूङ ६ महिनाको विदेश भ्रमणमा गएपछि हाल कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी सम्हाल्दै आएका छन् ।यहि सक्रियताले नै जनताले उनलाई पत्याएका हुन् ।

जनप्रतिनीधि भइभई गरिने सामाजिक कामको अलवा उनले ट्राउट पालनबाट राम्रो आम्दानी गरेका छन् । उनले माछापालनसँगै किवी र तरकारी खेती गरेर वार्षिक लाखौं रूपैयाँ आम्दानी गर्दै आएका छन् । उनले दुई रोपनी जग्गामा ट्राउट लागि ९ खण्डको पोखरी (रेसवे) निर्माण गरी व्यावसायिक मत्स्यपालन शुरू गरेका हुन् । 'युनिक एग्रीकल्चरल फर्म' नामक फर्म दर्ता गरेर उनले ५ हजार इन्द्रेणी ट्राउट र ७ हजार स्थानीय तहमा उपलब्ध असला माछा पालना गरेका छन् ।

कुनै समय काठमाडौंमा बस्ने र ड्राइभरको काम गरेका मोक्तान वैदेशिक रोजगारीका लागि साउदी अरब जान मेडिकल जाँचमा असफल भएपछि केही गर्न आफ्नै गाउँ फर्केका थिए । 'काठमाडौंमा गाडी चलाउने गर्थें। नुवाकोटका साथीको सल्लाहपछि गाउँ फर्किएर खेती गर्न थालें। काभ्रेपलान्चोकका साथीले पनि माछापालनका लागि प्राविधिक सहयोग गरे,' उनले भने ।

काठमाडौंको गोदावरीमा जाँच गर्दा आफ्नो क्षेत्रको सामुदायिक वनको पानी ट्राउट माछापालनका लागि उपयुक्त देखिएपछि उनले इन्द्रेणी ट्राउट माछापालन सुरू गरेको बताए । आफ्नै पैसा र सहकारीबाट ऋण लिएर ट्राउट पालन सुरू गरेको उनको भनाइ छ । ट्राउट माछा प्रतिकिलो १ हजार ७ र असला १ हजार २ सय रूपैयाँमा बिक्री भइरहेको उनले बताए । यहाँ उत्पादन हुने माछा हेटौंडा, काठमाडौं र स्थानीय रूपमा दामन, पालुङ र सिम्भञ्ज्याङमा खपत हुने गरेको छ । 'बजारको समस्या छैन, उत्पादन गर्न सकेमा बिक्री हुन्छ। सर्वसाधारण माछा किन्न फार्ममा आउँछन्, माग भए अन्य बजारमा पनि पुऱ्याउँछौं,' उनले भने । उनको ट्राउट फार्म र किवी खेतीमा तीन जनाले रोजगारी पाइरहेका छन् ।

उनको माछा पोखरीबाट बग्ने पानीलाई घट्ट सञ्चालनमा प्रयोग गरेका छन् । आगामी दिनमा रिसोर्ट निर्माण गरी स्थानीय पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ अघि बढिरहेको उनको भनाइ छ । त्यसैगरी बाँझो र जग्गामा ८ रोपनीमा किवी फलफूल रोपेका छन् भने तरकारी खेतीका लागि पाँचवटा पोली टनेलसमेत निर्माण गरेका छन् । उनले करिब २० रोपनी जग्गामा काउली, बन्दाबी, गाजर, मूला, आलुलगायत तर कारी खेती गरेर वार्षिक सात लाख आम्दानी हुन्छ ।



## हेटौँडा सिमेन्टको 'रोप-वे' बिक्री



विकास संवाददाता
थाहानगर

सरकारी स्वामित्वको हेटौँडा सिमेन्ट उद्योगको रोप-वे अन्ततः बिक्री भएको छ । आर्थिक अभावको मार खेपिरहेको उद्योगले लामो समयदेखि बन्द अवस्थामा रहेको रोप-वे बिक्री गरेको हो । विगत ९ वर्षदेखि पटक/पटक आफ्नो रोप-वे लिलामीको उद्योगको असफल प्रयास गर्दै आएको थियो । ९ वर्षअघि पहिलो पटक रोप-वे लिलामी प्रक्रिया सुरू गरेको उद्योगको प्रयास हालसम्म सफल हुन सकेको थिएन । उद्योगले पटक-पटक लिलामी प्रक्रिया अघि बढाएर बोलपत्र आह्वान गरे पनि बन्द अवस्थाका उपकरण खरिद गर्न खरिदकर्ताको बोलपत्र परेको थिएन ।

खरिदकर्ताले लिलामी प्रक्रियामा बोलपत्र दर्ता नगराएपछि उद्योगले हरेक पटक लिलामी दर पनि घटाउँदै आएको थियो । बन्द अवस्थामा रहेको रोप-वे का उपकरणहरू लिलामीका लागि पहिलो पटक सूचना आह्वान गर्दा उद्योगले उक्त रोप-वे र जगेडा पार्टपुर्जाका लागि मूल्य अभिवृद्धि करबाहेक न्यूनतम ६ करोड १६ लाख ५३ हजार ३५२ रूपैयाँ कायम गरिएको थियो । खरिदकर्ताको बोलपत्र नपरेपछि उद्योगले दोस्रो पटक मूल्य घटाएर लिलामीका लागि लिलामी मूल्य ४ करोड ६१ लाख रूपैयाँ निर्धारण गरेको थियो । सो समयमा पनि रोप-वे लिलामी प्रक्रियामा खरिदकर्ताले बोलपत्र परेको थिएन ।

२०७४ मा पुनः मूल्य घटाएर लिलामीको सूचना जारी गरेको उद्योगले २ करोड ८० लाख रूपैयाँ कायम गरेर बोलपत्र आह्वान गरेको थियो । तर, सो समयमा पनि रोप-वे लिलामीमा खरिदकर्ताको बोलपत्र नपरेपछि बन्द रोप-वे हालसम्म जीर्ण र अलपत्र अवस्थामा रहँदै आएको थियो । हेटौँडा-९ मा रहेको उद्योगले विगतमा सिमेन्ट बनाउन आवश्यक चुन ढुङ्गा ढुवानीको लागी प्रयोगमा ल्याएको रोप-वे बिक्री गरेको हो । उद्योग प्रशासनले बाराको लिपनीमाल स्थित श्री पि.एस एण्ड सन्स इन्टरप्राइजेजलाई भ्याटसहित ४ करोड २५ लाख ६ हजार ८० रूपैयाँमा रोप-वे बिक्री गरेको जनाएको छ । रोप-वे बिक्री गर्ने विषयमा गत पुस ७ गते सम्झौता

*बाँकी पेज ४ मा*


"फेब्रुवरी महिना, आयोडिन महिना"

आयोडिनको कमीबाट हुने असरहरू:

- गर्भ तुहिने, मृत शिशु जन्मिने, अङ्गभङ्ग भएको शिशु जन्मिने, जन्मेको शिशु चाँडै मर्न सक्छ ।
- बच्चा बहिरा, लाटा लठ्यौरो, बामपुड्के, आँखा डेडो आदि हुन सक्छ ।
- पढाई तथा खेलकुदमा समेत पछि पर्न सक्छ ।
- गलगाँड, बौद्धिक विकासको कमी तथा सुस्तमनस्थिती हुन सक्छ ।
- ज्यानमा आलस्यता आउने, काम गर्ने क्षमतामा ह्रास आउन सक्छ ।
- आयोडिनको कमीले गाई बस्तुले समेत कम दूध दिन सक्छन् ।

आयोडिनको कमीबाट हुने असरबाट बच्ने उपायहरू:

- सही मात्रामा दुई बालबालिकाको चिन्ह भएको प्याकेटको धुलो नुनको प्रयोग गर्ने बानी बसालौं ढिके तथा खुल्ला बेच्ने नुनमा आयोडिन पाउन नसकिने भएकाले यस्ता नुनको प्रयोग नगरौं ।
- आयोडिनयुक्त नुनलाई घाम पानीको प्रभाव नपर्ने गरी सुरक्षित राख्ने गरौं ।
- आयोडिनयुक्त नुनलाई दाल तथा तरकारी पकाई सकेपछि मात्र हाल्ने गरौं ।
- गर्भवती, सुत्केरी, बालबालिका तथा अन्य सबैले सही सुक्ष्म पोषणका लागि दुई बालबालिका चिन्ह भएको आयोडिनयुक्त नुन मिसाएको खाने कुरा मात्र खाऔं ।

'नुन थोरै खाऔं तर सही मात्रामा दुई बालबालिका चिन्ह भएको प्याकेटको नुन मात्र खाऔं'

थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर



क्षयरोग सम्बन्धी जनहीतमा जारी सन्देश !

क्षयरोग रोकथाम र उपचारबाट नियन्त्रण हुने रोग हो । तलका लक्षणहरु मध्ये कुनै एक देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा गई निःशुल्क खकार जचाँऔं ।



थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



सबै क्षयरोगको जाँच उपचार स्वास्थ्य संस्थामा निःशुल्क पाइन्छ ।
साथै, पूर्ण रुपमा औषधि सेवन गरे क्षयरोग निको हुन्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# • सम्पादकीय •

## सहिदप्रति असली श्रद्धाञ्जली

माघ १६ गते, सहिद दिवस । हरेक वर्ष राष्ट्रिय दिवसको रुपमा सम्झना गरिन्छ । मुलुकको शान्ति, प्रगति, अग्रगमन, सुशासन र नागरिक अधिकार प्राप्तिका लागि निरंकुशतन्त्रका विरुद्ध उभिएर जीवन बलिदान गर्ने सहिदहरुलाई सम्झने र सम्मान गर्ने गरिन्छ । हुन त सहिद हरेक दिन पूज्य र स्मरणीय छन् तर पनि कुनै दिनलाई नै तोकेर सहिदको सम्झना र सम्मान गर्नुको अर्थ सहिदको योगदानको विशेष चर्चा गर्नु हो । सम्झना र चर्चा मात्र होइन, उनीहरुले देखेका सपना साकार पार्ने प्रतिबद्धता जाहेर गर्दै त्यसका लागि आफूलाई रुपान्तरण गरेर अगाडि बढ्ने प्रण गर्नु हो । सहिद दिवस विशेष दिन भए पनि यसलाई औपचारिकतामा मात्रै सीमित गरिनुहुँदैन, बरु सहिदका सपना कति पूरा भए र कति बाँकी छन्, गहिरो आत्मसमीक्षा गर्दै उनीहरुको सपना पूरा गर्ने बाटोमा लाग्नु नै सहिदप्रतिको साँचो श्रद्धाञ्जली हुनेछ । नेपालमा राणा शासनको शुरुवात भएपछि लामो समयसम्म उनीहरुको कसैले बिरोध गर्न सकेनन् ।

राणा शासन शुरु भएको ३० वर्षपछि वि.सं १९३३ सालमा बिरोधको आवाज उठाउने लखन थापा राणा शासकबाट मारिएपछि नेपालमा बलिदानी यात्राको थालनी भएको पाइन्छ । लखन थापाले बिद्रोह गरेको ६० वर्षसम्म फेरि राणा सरकारको कालरात्रिविरुद्ध उल्लेख्य आवाज उठ्न सकेन । विसं १९९० को दशकमा आएर नेपालको पहिलो राजनीतिक दलको रुपमा प्रजा परिषद्को स्थापना भएपछि निरंकुश राणा शासनबिरुद्धको बिद्रोह संस्थागतरुपमा अगाडि बढ्यो । त्यसक्रममा १९९७ साल माघ १० देखि १६ गतेसम्म चारजना योद्धाहरु धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, दशरथ चन्द र शुक्रराज शास्त्रीको हत्या गरियो । त्यसकै सम्झनास्वरुप माघ १० देखि १६ गतेसम्म सहिद सप्ताह मनाइन्छ । यी चार सहिदहरुकै बलिदानको जगमा २००७ सालमा प्रजातन्त्र स्थापना भयो र नेपाली जनताले १०४ वर्ष लामो निरंकुश जहानियाँ राणा शासनबाट मुक्ति पाए । त्यसपछि पनि पटक-पटक नेपाली जनताले विभिन्न आन्दोलन र युद्धहरु गर्नुपऱ्यो । सहिदहरुको महान् बलिदानकै परिणामस्वरुप आज हामी संघीय लोकतान्त्रिक गणतन्त्रमा छौं । त्यसैले आजको राजनीतिक परिवर्तन र यसबाट नेपाली जनताले प्राप्त गरेका विभिन्न खाले अधिकारको पहिलो जस सहिदहरुको बलिदानलाई जान्छ । आज हामी जुन राजनीतिक प्रणालीमा छौं, आजसम्मका अभ्यासहरुको तुलनामा यो उत्कृष्ट र प्रगतिशील व्यवस्था हो । कम्तिमा राजनीतिक रुपमा यो प्रणालीले मान्छेलाई मान्छेको रुपमा सम्मान गर्ने कानुनी व्यवस्था गरेको छ । बरु यसको कार्यान्वयनमा भइरहेका कमीकमजोरी र ढिलासुस्तीका कारण जनताले अपेक्षाकृतरुपमा राजनीतिक अधिकारको प्रयोग गर्न सकिरहेका छैनन् । अब योभन्दा राम्रो र अझै प्रगतिशील व्यवस्थामा जाने हो भने त्यसका लागि सधैं बाटो खुला नै रहन्छ किनकि समयको गति र समाजको विकासक्रमसँगै समाजलाई व्यवस्थित गर्ने राजनीतिक प्रणाली समयसापेक्ष परिवर्तन हुँदै जान्छन् तर पछाडि फर्कने छुट भने कसैलाई हुँदैन ।

जनताले प्राप्त गरेको राजनीतिक अधिकारको प्रयोग प्रभावकारी बनाउनुको साटो यसबाट पछाडि फर्कने कसैले चर्चा मात्र गर्छ भने पनि त्यो महान् सहिदहरुको उच्च बलिदानको प्रतिकूल हुनेछ । त्यसो भए अबको दायित्व के हो त ? प्राप्त राजनीतिक उपलब्धिको रक्षा र विकास गर्दै संविधानप्रदत्त अधिकारको प्रभावकारी प्रयोग गर्ने वातावरण बनाउनु नै अबको नेपाली राजनीतिको सुस्पष्ट दिशा हो ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# माटो हाम्रो जीवित साथी



◆ दिनेश पाण्डे

एउटा घरमा परिवारका सबै जना आ-आफ्नो काममा व्यस्त छन् । बुबा भैंसी दुहुनुहुन्छ, गाईभैंसीलाई घाँस-पानी दिनुहुन्छ, अनि गोठ सफा गर्दै मल (भकारो) संकलन गर्नुहुन्छ, जुन पछि खेतमा मलको रूपमा प्रयोग गरिन्छ । आमा भान्सामा खाना पकाइरहनुभएको छ, दाजु सानी बहिनीलाई गृहकार्यमा मद्दत गर्दै हुनुहुन्छ । सबैको आ-आफ्नो काम छ, जसले घर राम्रोसँग चलेको छ । यो कथा नौलो होइन, हाम्रो समाजमा यस्तो दृश्य बारम्बार देखिन्छ ।

अब माटोभित्र लुकेको अदृश्य शहरको कल्पना गरौं । वैज्ञानिकहरूले हाम्रो बगैंचा, करेसाबारी वा खेतमा देखिने धुलो जस्तो कणलाई 'माटो' भन्छन् । माटो केवल पृथ्वीको बोटबिरूवा उम्रिने सतह मात्र होइन, यहाँ त अरबौं जीव बस्छन् । गँड्यौला, ब्याक्टेरिया, ढुसी, नेमाटोड्स, आइसोपोड्स र अरू धेरै ।

हाम्रो घरका सदस्यहरू जस्तै गँड्यौलाले माटोलाई खुकुलो बनाउँछन्, ब्याक्टेरियाले मललाई पोषणमा बदल्छन्, केही अन्य जीवहरू माटो सफा गर्छन्, केही किसानले जस्तै माटोमा मल बनाउँछन् र अरू केही वैज्ञानिक जस्तै माटोभित्रका सबै प्रक्रियालाई व्यवस्थापन गर्छन् । माटो पृथ्वीमा हुने सबैभन्दा रोचक र जटिल पर्यावरणीय प्रणालीहरूमध्ये एक हो । सधैं खनीखोस्री गर्ने माटोका बारेमा हामीले कति बुझेका छौं त !

आखिर माटो के हो ? माटो पानी, हावा, खनिज र प्राङ्गारिक पदार्थको संयोजन हो । सामान्यतया माटोमा ४५ प्रतिशत खनिज, २० देखि ३० प्रतिशत पानी, २० देखि ३० प्रतिशत हावा र ५ प्रतिशत प्राङ्गारिक पदार्थ (मरेका बोटबिरूवा र जनावरहरूको भाग) हुन्छ । हावा र पानी माटोको छिद्रहरूमा मिलेर बसेका हुन्छन् । माटोमा हावा र पानीको मात्रा लगभग बराबर भएको उचित मानिन्छ । माटोमा प्राङ्गारिक पदार्थको मात्रा सबैभन्दा कम भए तापनि यसले माटोको स्वस्थता, पौष्टिकता र उत्पादकत्वलाई निकै प्रभाव पारेको हुन्छ ।

के माटो जीवित वस्तुहरूले भरिपूर्ण छ भनेर हामी विश्वास गर्न सक्छौं ? यदि एउटा सानो चिया चम्चा माटो उठाउँछौं भने त्यसमा संसारको हालको जनसंख्याभन्दा (८ अर्ब) धेरै गुणा बढी जीवहरू हुन सक्छन् । अर्थात् माटो असंख्य जीवहरूको विशाल घर हो। माटोमा रहेका जीवहरूले पनि हामी जस्तै खाना खान्छन्, बढ्छन्, अक्सिजन प्रयोग गर्छन् र कार्बनडाइअक्साइड उत्सर्जन गर्छन् । यसरी माटो एक गतिशील पदार्थ हो, जसले माटोभित्रका जीवहरूलाई प्रभाव पार्छ र जीवित वस्तुहरूबाट पनि प्रभावित हुन्छ ।

माटोका विभिन्न भागहरू (जस्तैः चट्टानको आकार, पोषण र पानीको मात्रा) अनुसार त्यहाँ विभिन्न जीवहरू बसोबास गर्छन् । यी जीवहरू मिलेर एउटा सानो समुदाय बनाउँछन् । माटोका साना कणहरू वा जीवित वस्तुमा बस्ने साना जीवहरूलाई सूक्ष्मजीव भनिन्छ। उदाहरणका रूपमा माटोमा ढुसीहरू हुन्छन् जसको आकार सानो र जरा जस्तो हुन्छ र यी ढुसीहरूले अन्य जीवहरूसँग सम्पर्क गरेर जानकारी आदानप्रदान गर्छन् । त्यस्तै ब्याक्टेरिया जस्ता सूक्ष्मजीवलाई माइक्रोस्कोप विना देख्न सकिंदैन। बोटबिरूवाका जरामा बस्ने साना जीवहरूलाई राइजोस्फियर सूक्ष्मजीव भनिन्छ ।

सबैभन्दा रोचक कुरा, माटोका सूक्ष्मजीवहरूले आपसमा र अन्य बोटबिरूवा तथा जनावरहरूसँग पनि संवाद गर्न सक्छन् । यस्तो संवादलाई रासायनिक संवाद भनिन्छ, जसमा साना अणुहरूको प्रयोग गरिन्छ । यी अणुहरू परमाणु नामक साना बलहरूको समूहबाट बनेका हुन्छन् । यस्ता परमाणुहरू कार्बन, हाइड्रोजन, अक्सिजन र नाइट्रोजन जस्ता महत्त्वपूर्ण तत्वहरू मिलेर बनेका हुन्छन्, जसले पानी र कार्बनडाइअक्साइड जस्ता अणुहरू बनाउँछन् । यस्ता अणुहरूको विशेष संयोजनले माटो र जीवनका



विभिन्न प्रक्रिया चलाउँछन् ।

केही अणुहरू ग्याँसका रूपमा माटोको हावाका छिद्रहरूबाट एक ठाउँबाट अर्को ठाउँमा जान्छन् । ठिक हामीले फूलको वा ताजा पाकेको रोटीको बास्ना नाकले थाहा पाउँदा जस्तै बोटबिरूवाका जराले पनि यी ग्याँसहरूको बास्ना थाहा पाउँछन् ।

रासायनिक संवाद केवल सूक्ष्मजीवबाट बोटबिरूवासम्म मात्र होइन, दुईतर्फी पनि हुन्छ । बोटबिरूवाले पनि सूक्ष्मजीवहरूले बुझ्न सक्ने अणुहरू उत्पादन गर्छन् । 'अवतार २- पाण्डोरन न्यूरल नेटवर्क' नामक चलचित्रले यस विषयमा सरल रूपमा बुझाउन खोजेको छ। जसमा पाण्डोराका वनस्पति र जीवजन्तुहरूले एकअर्कासँग कसरी सञ्चार गर्छन् भन्ने कुरा स्पष्ट देखाइएको छ ।

कुनै पनि बिरूवाको वृद्धि र विकासको लागि रासायनिक तत्वहरू आवश्यक हुन्छन्, जसमा १८ वटा तत्वहरू विशेषगरी महत्वपूर्ण छन् । यी आवश्यक तत्वहरू बिरूवाले दुई विभिन्न स्रोत-माटो र हावाबाट प्राप्त गर्छ। प्रायः माटोका सूक्ष्मजीवहरूले बोटबिरूवाका लागि आवश्यक पोषकतत्त्व उपलब्ध गराएर तिनीहरूको वृद्धि र विकासमा मद्दत गर्छन् ।

उदाहरणको लागि, राइजोबियम ब्याक्टेरियाले हावामा रहेको नाइट्रोजनलाई अमोनियामा रूपान्तरण गर्छ, जसलाई बोटबिरूवाले आफ्नो वृद्धि र विकासको लागि उपयोग गर्छ । सूक्ष्मजीवहरूले बोटबिरूवालाई रोगजनक ब्याक्टेरिया र शत्रुजीवसँग लड्नमा पनि सहयोग पुऱ्याउँछन् । यद्यपि, वातावरणका निर्जीव तत्वहरू जस्तै, सूर्यको प्रकाश, तापक्रम र पानीका फाइदाजनक र हानिकारक प्रभावहरू हुन्छन् । उदाहरणका लागि पानीको कमीले बोटबिरूवालाई कमजोर पार्न सक्छ । यस्ता कठिन परिस्थितिहरूमा लाभदायक सूक्ष्मजीवहरूले बोटबिरूवालाई जिउन र विकास गर्न सहयोग गर्छन् ।

अतः माटो एक जीवित र जटिल प्रणालीको रूपमा बुझ्न सकिन्छ, जसको स्वास्थ्यका लागि माटोका जीवाणुहरू महत्वपूर्ण छन् । किसानको दृष्टिमा, माटोको मुख्य उद्देश्य बाली उत्पादन गर्नु हो, जसका लागि माटोले पर्याप्त पानी, पोषकतत्वहरू र शत्रुजीव नियन्त्रणको वातावरण प्रदान गर्नु आवश्यक छ ।

यसरी स्वस्थ माटो भनेको बालीको दिगो उत्पादनको लागि यी सबै कुराहरू मिलाएर माटोले निर्वाह गर्ने भूमिका हो । हाम्रा खेती विधि र अभ्यासहरूले माटो प्रणालीमा बिरूवाका पोषकतत्वहरूको प्रवाह र सन्तुलनलाई विभिन्न स्रोतहरूबाट मद्दत पुऱ्याएको छ ।

शताब्दीयौंदेखि माटोको उर्बरता पुनः पूर्तिका लागि परम्परागत खेतीले गोठेमल जस्ता प्राङ्गारिक मलहरूको प्रयोगलाई मान्यता दिएको छ, जसले माटोलाई पोषकतत्वहरू दिन्छ र स्वस्थ राख्छ । कम्पोस्ट पशुपालन र जनावरको मल स्रोतलाई कुहाएर बनाएको एक प्राङ्गारिक मल हो । जनसत्त्या वृद्धिसँगै, आजको समयमा जमिनको उत्पादकत्वमा वृद्धि गर्नुपर्ने चर्को दबाब बढेको छ र रासायनिक मल तथा विषादीहरूको प्रयोग बढ्नुले माटोको स्वास्थ्यलाई नोक्सान पुऱ्याउन सक्छ, त्यसैले यसमा सतर्कता अपनाउनु आवश्यक छ।

माटो हाम्रो साथी हो । माटो पनि हामी जस्तै जीवित छ । माटोले मानिसलाई बाँच्न मद्दत गर्छ। त्यसैले माटोको हेरचाह गर्नुपर्छ । यसको स्वास्थ्यलाई जोगाउनुपर्छ। माटोले हाम्रो विगत, वर्तमान र भविष्यको कथा बोकेको हुन्छ । यसले हामीले गरेको हेरचाह र परिवर्तनहरूलाई सम्झिन्छ । एक दिन माटोले हामीलाई पनि सम्झनेछ। त्यसैले माटोको संरक्षण र यसको स्वास्थ्यमा हाम्रो भूमिकालाई हामीले जानी-बुझिकन गम्भीर रूपमा लिनु आवश्यक छ ।

*(माटो वैज्ञानिक पाण्डे कृषि प्रणालीमा कार्बन र नाइट्रोजन चक्र सम्बन्धी विषयका विशेषज्ञ हुन् ।)*

# स्पन्जले भाँडा धुनु किन खतरनाक छ ?

# यसको विकल्प के छ ?

हामीले आफूले खाना खाएका भाँडाकुँडा सफा गर्नका लागि स्पन्जको प्रयोग गर्दछौं । तर हामीले भान्साका भाँडाकुँडा सफा गर्ने त्यही स्पन्ज ब्याक्टेरियाका लागि निकै उर्वर रहेको र त्यो निकै खतरनाक हुने तथ्य हामीलाई सायद थाहा छैन ।

त्यसोभए के हामीले भाँडा धुनका लागि स्पन्जको साटो ब्रसको प्रयोग गर्नु ठीक हुन्छ त ?

वास्तवमा ब्याक्टेरियाका विभिन्न प्रजातिहरूको वृद्धि विकास हुने तरिका फरक-फरक हुन्छ । केही पृथ्वीको पत्रको मुनि उम्लिरहेको हाइड्रोथर्मल भेन्ट्समा वृद्धि हुने तथा फैलिने गर्दछन् त केही चिसो ठाउँमा वृद्धि हुन्छन् ।

तर यदि ब्याक्टेरियाका लागि सबैभन्दा उत्तम ठाउँ चाहिँ भान्साको स्पन्ज नै हो ।

वास्तवमा ब्याक्टेरियाका लागि स्पन्ज स्वर्गस्थल नै हो । यसमा ब्याक्टेरियाका लागि आवश्यक पौष्टिक भोजनका टुक्राहरू प्रसस्तै रहन्छन् ।

जर्मनीको फर्टवांगेन विश्वविद्यालयका सुक्ष्म जीव वैज्ञानिक मार्कस् ऐगरट्सले भान्साको स्पन्जमा पाइने ब्याक्टेरियाका विषयमा नयाँ तथ्यांक सार्वजनिक गरेका छन् । उनले स्पन्जमा ब्याक्टेरियाका ३ सय ६२ प्रकारका प्रजाति पाइने तथ्य पत्ता लगाएका छन् । कतिपय स्थानमा ब्याक्टेरियाको घनत्व ५४ अर्ब प्रति वर्ग सेन्टिमिटर सम्म पाइएको छ ।

ऐगरट्स भन्छन्- यो निकै ठूलो संख्या हो । ब्याक्टेरियाको यो संख्या मानिसको दिसामा पाइने जत्तिकै धेरै हो ।

स्पन्ज छिद्रले भरिएको हुन्छ र हरेक क्षेत्रमा ब्याक्टेरियालाई बस्नका लागि ठाउँ प्राप्त हुन्छ ।

ड्युक विश्वविद्यालयका सिन्थेटिक बायोलोजिस्ट लिंगचोंग यू र उनको टिमले सन् २०२२ मा स्पन्जको जटिल वातावरणको मोडेल तयार पार्नका लागि कम्प्युटरको प्रयोग गरेका थिए ।

त्यसक्रममा उनीहरूले पाए कि जुन स्पन्जमा छिद्र तथा खाली ठाउँहरू हुन्छन् त्यसले ब्याक्टेरियाको वृद्धिलाई बढावा दिन्छन् । उनको टिमले गरेको अध्ययनका क्रममा स्पन्जमा ब्याक्टेरियाका फरक-फरक प्रजातिको वृद्धि एकै प्रकारको हुने देखिएको थियो ।



ऐगरट्स भन्छन्- भान्सामा राखिएको स्पजन्मा रहेका छिद्रको आकारले अर्थ राख्छ, ब्याक्टेरियाको वृद्धिका लागि । केही ब्याक्टेरिया यस्ता हुन्छन् जो आफसेआफ वृद्धि हुन्छन् । जबकि कुनै ब्याक्टेरियालाई चाहिँ बढ्नका लागि वातावरणको आवश्यकता पर्दछ । तथापि स्पन्ज भित्र यस्ता संरचनाहरू हुन्छन् जो सबै ब्याक्टेरियाका लागि उपयुक्त हुन्छन् ।

यथार्थ के हो भने स्पन्जले ब्याक्टेरियाका लागि उत्तम घर उपलब्ध गराउँछ । यद्यपि यो आवश्यक छैन कि यी भाँडाकुँडाले हाम्रो स्वास्थ्यमा खतरा उत्पन्न गराओस् ।

ब्याक्टेरिया सबै ठाउँमा हुन्छन्, चाहे हाम्रो छाला होस् वा हाम्रो वरपरको माटो । तर सबै खालका ब्याक्टेरिया हानिकारक हुँदैनन् । केही ब्याक्टेरिया लाभदायक मात्र हुँदैनन् कि तिनीहरूको भूमिका निकै महत्वपूर्ण हुन्छ ।

त्यसो भए स्पन्जमा पाइने ब्याक्टेरियाले हामीलाई खतरा उत्पन्न गर्छन् कि गर्दैनन् त ?

ऐगरट्सले सन् २०१७ मा गरेको एक अध्ययनमा ब्याक्टेरियाका आम प्रजातिहरूको डिएनएको क्रम तयार पारे । यद्यपि हरेक ब्याक्टेरियाको प्रजाति पत्ता लगानु सजिलो हुँदैन । उक्त अध्ययनमा १० मध्ये ५ वटा ब्याक्टेरिया यस्तो प्रजातिको थिए जसले मानिसमा संक्रमण फैलाउन सक्दछन् ।

### कुन ब्याक्टेरिया हानिकारक ?

तातो पानीको प्रयोग गर्नेजस्ता केही तरिकाले कतिपय ब्याक्टेरियालाई नष्ट गर्नसक्छ । तर यसमा पनि केही ब्याक्टेरिया बँच्दछन् र तिनीहरूले तातोबाट बँच्ने खालका ब्याक्टेरिया तयार पार्छन् ।

ऐगरट्स भन्छन्- सरसफाइका विभिन्न प्रक्रिया हुनसक्छन् । तर बँचेका थोरै ब्याक्टेरिया पनि पछि ठूलो संख्यामा वृद्धि हुनसक्छन् । ब्याक्टेरियाको पहिचान गरेर सरसफाइ गर्ने तरिकाको छनोट गर्न सकिन्छ ।

अध्ययनका क्रममा स्पन्जमा पाइएका ब्याक्टेरियामध्ये कुनै पनि फुड प्वाइजनिङ तथा कुनै गम्भीर रोग फैलाउने खालका चाहिँ पाइएका थिएनन् । खानाबाट सर्ने रोगमध्ये ९० प्रतिशत रोगका लागि पाँच प्रकारका जिवाणु जिम्मेवार हुन्छन् जसमा तीनवटा ब्याक्टेरिया, क्याम्पिलोब्याक्टर, साल्मोनेला र ई कोली रहेका छन् । स्पन्जमा सामान्यतया यी तीनैथरी ब्याक्टेरिया पाइँदैनन् ।

शोधकर्ताका अनुसार स्पन्जमा यस्ता खालका ब्याक्टेरिया भेटिए जो ती मानिसहरूका लागि हानिकारक हुनसक्छन्, जसको रोग प्रतिरोधी क्षमता कमजोर छ वा उनीहरू वृद्ध वा बालबालिका हुन् । स्वस्थ मानिसका लागि स्पन्जमा पाइने ब्याक्टेरिया हानिकारक हुँदैनन् ।

ए एण्ड एम विश्वविद्यालयका खाद्य सुरक्षा विषयका प्राध्यापक जेनिफर कुनलन र उनको टिमले फिलाडेल्फियाका एक सयवटा घरको स्पन्ज जम्मा गरेर अध्ययन गरे । त्यसमध्ये एक वा दुई प्रतिशत यस्ता थिए, जसमा मानिसमा फुड प्वाइजनिङ गराउने खतरा भएका ब्याक्टेरिया पनि थिए । तर त्यसमा पनि ब्याक्टेरियाको मात्रा निकै कम थियो ।

नर्वेको खाद्य अनुसन्धान संस्थान नोफिमाका वैज्ञानिक साल्भिङ्ग ल्याङ्सरूडको सन् २००२ मा प्रकाशित शोधले पनि सोही कुरा पुष्टि गरेको छ । उनको अध्ययनमा पनि स्पन्जमा पाइने ब्याक्टेरिया हानिकारक नरहेको देखिएको थियो ।

### के स्पन्जको साटो ब्रस प्रयोग गर्नु राम्रो हुन्छ ?

वास्तवमा स्पन्जको तुलनामा ब्रसमा निकै कम ब्याक्टेरिया हुन्छन् । कुनलन भन्छन्- स्पन्जमा रहेका अधिकांश ब्याक्टेरिया हानिकारक हुँदैनन् । तिनीहरूले केवल गन्ध पैदा गर्न सक्छन् । त्यस्तो दुर्गन्ध समयक्रममा राम्रो लाग्दैन ।

स्पन्जमा यस्ता ब्याक्टेरिया हुन्छन् जसको वृद्धि भए पनि हामीलाई कुनै हानि हुँदैन । तर साल्मोनेला ब्याक्टेरिया यदि भान्साको स्पन्जसम्म पुग्यो भने यसबाट हामीलाई हानि पुऱ्याउने ब्याक्टेरिया वृद्धि हुनका लागि उत्तम ठाउँ प्राप्त हुनेछ ।

यो तथ्यको सबूत पनि छ । ल्याङ्सरूडको अध्ययनमा के पाइएको छ भने जब साल्मोनेला ब्याक्टेरिया स्पन्जमा पुग्दछ तब त्यसको संख्यामा तीव्र वृद्धि हुन्छ । जबकि ब्रसले सफा गर्दा यो ब्याक्टेरिया नष्ट हुन्छ ।

यसो हुनुको कारण चाहिँ ब्रसमा ओसिलोपना नहुन हो, जुन साल्मोनेला ब्याक्टेरियालाई हटाउन कामयावी हुन्छ । तर स्पन्जसँग यस्तो हुँदैन ।

उक्त नोक्सानदायक साल्मोनेला जस्तो ब्याक्टेरिया स्पन्जबाट हाम्रो भाँडाकुँडासम्म पुग्नसक्छ । त्यसोभए के हामीले भाँडा माझ्ने स्पन्ज समय समयमा फेर्नुपर्छ त ? शोधकर्ता कुनलनका अनुसार हामीले कम्तिमा एक हप्तामा भाँडा धुने स्पन्ज फेर्नुपर्छ ।

कुनलनका अनुसार स्पन्ज सफा गर्ने दुई तरिका छन् । उनी भन्छन्- स्पन्ज सफा गर्ने दुई सजिलो तरिका छन् । तपाईंले स्पन्जलाई बेलुकी प्रयोग गरेपछि डिसवासरमा राखेर धुनुहोस् वा केहीबेरका लागि माइक्रोवेभमा राखिदिनुहोस् । त्यसो गर्दा स्पन्जको ओसिलोपना नष्ट हुन्छ र ब्याक्टेरिया पनि मर्दछन् ।

तर ऐगरट्सको अध्ययनले पनि यसरी स्पन्ज सफा गर्ने कुराको वकालत गर्दैन । उनका अनुसार समयक्रमसँगै ब्याक्टेरियाले यसबाट बँच्ने क्षमता पैदा गर्दछ ।

तातोपानीमा स्पन्ज राख्दा अधिकांश हानिकारक ब्याक्टेरिया नष्ट हुन्छन्, जबकि केही चाहिँ बँच्दछन् । यद्यपि तातोपानीले हानिकारक साल्मोनेला ब्याक्टेरिया चाहिँ नष्ट हुने गरेको पाइएको छ ।

स्पन्जलाई हानिकारक हुनबाट बँचाउनका लागि त्यसलाई सिंकभित्र नराख्नु पनि अर्को उपाय हो । स्पन्जलाई सिंक बाहिरै ओभानो गराएर राख्दा त्यसको ओसिलोपना हट्दछ र त्यहाँ ब्याक्टेरियालाई वृद्धि हुने वातावरण प्राप्त हुँदैन ।

यद्यपि कतिपय चाहिँ भाँडा धुनका लागि स्पन्जको साटो अन्य उपाय अपनाउनुपर्ने बताउँछन् ।

शोधकर्ता ऐगरट्स भन्छन्- मैले भान्सामा स्पन्जको प्रयोग गर्दै गर्दिनँ । यसको प्रयोगको कुनै औचित्य नै छैन । यस्तो चिज भान्सामा नहुनु नै राम्रो हुन्छ । योभन्दा ब्रस उत्तम छ । किनकि ब्रसमा कम ब्याक्टेरिया हुन्छन् र त्यसलाई सफा गर्न पनि सजिलो छ ।

*-बीबीसीको सहयोगमा*

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।



बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढ्न देउ, विवाह हैन पढ्न देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सबै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्तहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# २३ लाख ढड्डा डिजिटाइज गर्दै बागमती प्रदेश सरकार

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले यातायात व्यवस्था कार्यालयमा रहेका करिब २३ लाख सवारी साधनका ढया, फाइल तथा अन्य दस्तावेजलाई डिजिटाइज गर्ने प्रक्रिया अघि बढाएको छ । यसका लागि एक सय जना डेटा इन्ट्रीकर्ता खटाइएका छन् । सवारीधनीहरूलाई आफ्ना सक्कल फाइल यातायात कार्यालयमा बुझाउन सूचना जारी गरिएको छ ।

यातायात व्यवस्था कार्यालय, मोटर साइकल गुर्जुधाराले लट नम्बर १ देखि ५५ सम्मका सवारीधनीलाई १५ दिनभित्र सक्कल फाइल बुझाउन आग्रह गरेको छ। डिजिटाइजेसनको सुरूवात एकान्तकुना, गुर्जुधारा, हेटौंडा र भरतपुरबाट हुने र त्यसपछि बनेपा तथा खुर्कोटमा कार्यान्वयन गरिनेछ । मन्त्रालयले फागुन ५ गते औपचारिक घोषणा गर्ने तयारी गरेको छ । डिजिटाइजेसनका लागि ५० वटा डेस्कटप, ५० वटा मोबाइल फोनको व्यवस्था गरिएको छ । स्टोरेजका लागि सिंहदरबारस्थित एकीकृत डेटा व्यवस्थापन केन्द्रमा ६५ टेराबाइट स्पेस सुरक्षित गरिएको छ । ब्याकअप डेटा हेटौंडामा रहनेछ ।

सवारीधनीहरूले आफ्नो मोबाइल नम्बर र राष्ट्रिय परिचयपत्र नम्बर कार्यालयमा उपलब्ध गराउनुपर्नेछ। व्यक्तिगत विवरण राष्ट्रिय परिचयपत्रको डेटा स्रोतबाट लिइने भएकाले छुट्टै बायोमेट्रिक तथ्यांक संकलन गरिने छैन । डिजिटाइजेसनपछि सवारी कर अनलाइनमै तिर्न सकिनेछ। ब्लुबुक




प्रमाणीकरणका लागि कार्यालय धाउनुपर्ने आवश्यकता हट्नेछ। ट्रान्सपोर्ट म्यानेजमेन्ट इन्फरमेसन सिस्टम (टीएमआईएस) मा आधारित मोबाइल एप विकास गरेर सेवा प्रवाहलाई सहज बनाइनेछ । ब्लुबुकलाई पेपर-बेस्ड प्रणालीबाट क्यूआर कार्डमा परिणत गरिँदैछ, जसले नागरिक एपमा पनि समावेश गरिनेछ ।

प्रदेश सरकारले आगामी पाँचदेखि छ महिनाभित्र ५ देखि १० लाख सवारीको फाइल डिजिटाइज गर्ने लक्ष्य लिएको छ । चितवन, हेटौंडा र खुर्कोट कार्यालय पूर्ण रूपमा अनलाइन प्रणालीमा जानेछन्। एक वर्षभित्र एकान्तकुना कार्यालय र दुई वर्षभित्र गुर्जुधारा सहित बागमती प्रदेशका सबै यातायात कार्यालय अनलाइन प्रणालीमा समावेश हुनेछन् । प्रदेश सरकारले नागरिकहरूको सहयोगमा यातायात सेवा व्यवस्थित र प्रविधिमैत्री बनाउन अग्रसरता लिएको छ । डिजिटाइजेसन योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नागरिकहरूलाई सहयोग गर्न आग्रह गरिएको छ ।

## 'सुशासनका पक्षमा देशव्यापी जनमत बढ्दैछ'-प्रचण्ड

◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले सुशासन र समृद्धिका पक्षमा देशव्यापी जनमत बढ्दै गएको बताएका छन् । मकवानपुरको बागमती गाउँपालिकाले निर्माण गरेको सहिद स्मृति रंगशाला तथा सातौं बागमती गोल्डकप राष्ट्रिय फुटबल प्रयोगिताको शनिबार उद्घाटन गर्दै यस्तो बताएका हुन् ।

अध्यक्ष दाहालले देशैभरि नयाँ राष्ट्रिय एकता निर्माणको अभियान थालेको बताए । भ्रष्टाचारको अन्त्य नगरेसम्म राष्ट्रिय एकता कायम हुन नसक्ने उनले दाबी गरे । भ्रष्टाचारविरूद्ध सुशासनका पक्षमा, सामाजिक न्यायको पक्षमा र आर्थिक समृद्धिको पक्षमा देशभरि देखिएको चेतनाको लहर आएको उनको भनाई थियो । अध्यक्ष दाहालले स्थानीय सरकारले यसतर्फ ध्यान दिनु अत्यावश्यक रहेको औंल्याए ।

## हेटौंडा सिमेन्टको ... ..

भएको उद्योगका सूचना अधिकारी हरेराम आचार्यले जानकारी दिए ।

उनका अनुसार तीन किस्तामा सम्पूर्ण भुक्तानी भइसक्नुपर्ने सहमति अनुसार उद्योगले पहिलो किस्ता बापतको १ करोड ४२ लाख ६८ हजार ६९४ रूपैयाँ समेत प्राप्त गरिसकेको छ । रोप(वे खरिदकर्ता कम्पनीले सम्झौताको ९ महिना भित्र रोप-वेको सम्पूर्ण संरचना उठाइसक्नुपर्ने सहमति भएको उनको भनाई छ । रोप-वे बिक्रीबाट प्राप्त भएको रकम उद्योग सञ्चालनका लागि आवश्यक पर्ने कच्चा पदार्थ खरिदमा खर्च गर्ने सञ्चालक समितिले निर्णय गरेको पनि सूचना अधिकारी आचार्यले जानकारी दिए ।

वर्षौंदेखि सञ्चालन हुन नसकेको सो रोप-वेका कारण मानव बस्ती र विद्यालयका लागि जोखिम बनेर बसेको छ । उद्योगको रोप-वे का डब्बाहरू हेटौंडाबाट भीमफेदी गाउँपालिकाको भैंसे खानीसम्म तारमा झुन्डिरहेको अवस्थामा रहेको देख्न सकिन्छ । बेवारिसे अवस्थामा झुन्डिएका रोप-वेका डिब्बाहरूले मानव बस्ती नै जोखिममा पारेको देखिन्छ । हेटौंडा सिमेन्टले पनि खानी क्षेत्रबाट चुनढुङ्गा ओसार्न २०४२ सालमा रोप-वे सञ्चालनमा ल्याएको थियो । उद्योगले २०४२ सालबाट भैंसेखानीबाट लामसुरेस्थित कारखानासम्म ११ किलोमिटर लम्बाइको रोप-वे चुन ढुङ्गा ढुवानी गर्न सञ्चालनमा ल्याइएको थियो । प्रतिघण्टा ३ सय मेट्रिक टन चुनढुङ्गा ढुवानी गर्ने क्षमता रहेको रोप-वेको सुरूमा १६५ वटा बकेट (क्यारियर) रहेको थियो । रोप-वे बिग्रिएपछि त्यसका क्यारियर पनि झर्दै गए जसका कारण हाल त्यसमा १ सय ४० जति बाँकी रहेको छ ।

विगतमा यातायातका साधनहरूको सुविधा नहुँदा उद्योगको चुन ढुंगाखानीबाट ढुङ्गा ओसार्नको लागि सो रोप-वे को प्रयोग हुने गरेको थियो । तर, पछिल्लो चरण यातायातको साधनहरूको उपभोगमा सहजता आएसँगै उद्योगले रोप-वेबाट चुन ढुङ्गा ल्याउन बन्द गरेको थियो । २० वर्ष ती डिब्बा हेटौंडा सिमेन्ट उद्योगको लागि चुन ढुङ्गा ओसार्न प्रयोग भए पनि २०६२ सालदेखि भने पूर्ण रूपमा बन्द छ ।

सो रोप-वे मा झुन्डिएका कतिपय डिब्बामा अझै पनि ढुङ्गाहरू भरिएको अवस्थामा रहेको छ । २०६० सालमा आएको बाढी पहिरोले भैंसे त्रिखण्डी नजिकको टावरमा क्षति पुगेपछि रोप-वे बन्द भएको थियो । करिब १० करोड लगानीमा निर्माण भएको रोप-वेको टावरमा बाढीले क्षति पुर्याएपछि पूर्ण रूपमा बन्द भइएको थियो ।

# मन्त्री तामाङ कागज उद्योग हेर्न मकवानपुरगढी पुगिन्

◆ विकास संवाददाता

बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमी तथा प्रशासन मन्त्री शुकुमाया तामाङले मकवानपुरगढी गाउँपालिका वडा नम्वर ३ स्थित कुबेर तिमल्सिनाको नेपाली हाते कागज उद्योगको निरीक्षण गरेकी छन् ।

३० माघमा मन्त्री तामाङले तिमल्सिनाको उद्योग पुगेर केराको थामबाट कागज निर्माण गर्ने प्रक्रियासँगै उद्योगको अवस्था अवलोकन गरेकी हुन् । उनले कागज उद्योगको प्रवर्द्धन गर्दै प्रदेश सरकारबाट आवश्यक सामग्री र सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरिन् । मन्त्री तामाङले कागजको निर्माणलाई थप प्रोत्साहन गर्दै नेपाली हाते कागजको प्रयोगलाई बढावा दिनका लागि मन्त्रीस्तरीय बैठकमा यस विषयमा छलफल गर्ने जानकारी दिइन् ।

तिमल्सिनाले युट्युबमार्फत् सिकेर केराको थामबाट कागज उत्पादन गर्न थालेका छन् ।

थाहा नगरपालिका
विपद व्यवस्थापन शाखा
इन्द्रायणी चौर

अत्यन्त जरुरी सूचना !

**आगो एक असल नोकर हो भने खराब मालिक । आगोको सानो झिल्कोले वन डढेलोको रुप लिन सक्दछ । हाम्रो सानो लापर्वाहीले जनधनको क्षति भई ठूलो बिपत्ती निम्त्याउन सक्दछ । यस हिउँद यामको गर्मी र सुख्खा मौसममा डढेलो लाग्ने धेरै सम्भावना रहन्छ । सुख्खा हावा र हुरीबतासले यसलाई झन् बढाउँछ । आगो लाग्नै नदिनु आगलागी तथा डढेलोबाट बच्ने सर्वोत्तम उपाय हो । त्यसैले सावधान रहौ ।**

डढेलो रोकथाम तथा नियन्त्रण गर्ने उपायहरु:

१) हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं आगोको काम सकिएपछि राम्ररी निभाऔं ।
२) सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरु बालबालिकाहरुबाट टाढा र सुरक्षित स्थानमा राखौं ।
३) पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, म ितेल जस्ता प्रज्वलनशील पदार्थहरु सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं ।
४) चुरोट, बिडीका बलेका ठुटा जथाभाबी नफालौं तथा राँको बालेर नहिँडौं ।
५) सल्लाको वन भएको क्षेत्रमा वन डढेलो नियन्त्रण गर्न विशेष ध्यान पुऱ्याऔं ।
६) वन क्षेत्रमा मानिसहरु हिँड्ने बाटोको दायँबायाँ तथा घरबारी वरिपरि रहेका सल्लीपिर (कसम) पातपतिर जस्ता सजिलै बल्नसक्ने पदार्थहरुलाई हटाई सफा राखौं ।
७) पानीका मुहान, पोखरी, रहको सुरक्षा गरौं । आक्स्मिक उपयोगको लागि आफ्नो घरमा पानी जम्मा गरेर राख्ने गरौं ।
(८) गाउँटोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपदबाट बचौं र बचाऔं ।
९) आगलागी भइहालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरून्त खबर गरौं । आफ्नो ज्यानको खतरा नहुने गरी वन डढेलो निभाऔं ।
१०) वनमा आगो लगाउनु दण्डनीय अपराध हो । डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारबाही गराऔं ।
११) चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।

विपद हटलाइन नम्बर:
५७०४१२५७५७ र ५७६७५७०५००

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-७ सम्पर्क नं. ९८०७५५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# दिगो फोहोर व्यवस्थापन गर्न मनहरी गाउँपलिकालाई ध्यानाकर्षण

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकालाई दीर्घकालीन रूपमा फोहोर ब्यबस्थापन गर्नको लागि नयाँ ठाउँ र बारूण यन्त्रको तत्काल ब्यवस्थापन गराउनको लागि ध्यानाकर्षण गराइएको छ । मानव अधिकार समूह मनहरीले पालिकालाई यो ध्यानाकर्षण गराएको हो ।

समितिको नियमित बैठक अन्तर्गत २७ माघमा मनहरी ५ नम्बर वडामा बसेको बैठकले यस्तो निर्णय गरेको समितिको संयोजक बिमला गोपालीले जानकारी दिइन् । अनौपचारिक क्षेत्र सेवा केन्द्र ईन्सेक द्वारा गठित समुहले मानव अधिकारका विषयमा आवाज उठाउदै आईरहेको छ । पछिल्लो समयमा गरेको छ ।

त्यस्तै गरी मनहरी बढ्दो मानव बस्तीको रूपमा अगाडि बढिरहेको अवस्थामा केहि गरि कतै आगलागी भयो भने तत्काल थप क्षति हुन नदिनको लागि पालिका भित्रनै बारूण यन्त्रको ब्यबस्थापन गराउन पालिकालाई अनुरोध गर्ने निर्णय समेत पारित गरेकोछ । त्यसको अलावा सार्वजनिक शौचालय, सडकको छेउछाउका खाडल पुरी थप पेटी बिस्तार गर्न समेत पालिकालाई आग्रह गर्ने बैठकले निर्णय गरेको छ ।

मनहरी गाउँपालिका ५ नम्बर वडा अध्यक्ष दिपेन्द्र अधिकारीको प्रमुख आतिथ्यता रहेको बैठकमा राज्यले ध्यान पुऱ्याउन नसकेको कुरामा स्थानिय सरकारलाई सबल बनाउन जुन



मनहरीमा फोहोर ब्यबस्थापन निक्कै चुनौतीपूर्ण र अव्यवस्थित बन्दै गईरहेको भन्दै त्यसको उचित ब्यबस्थापनको लागि वडा नम्बर ८ र ९ को सिमानामा पर्ने र ाप्ती खोलाको ड्याम साईड उपयुक्त हुने समेत समितिले निर्क्योल गरेकोछ ।

बैठकले हाल मनहरी ७ स्थित बेलुवाको बगरमा फ्यॉक्दै आईरहेको र मानव बस्तीदेखि नजिकै रहेको र केही दिन अघि मात्रै डम्पिङ साईडमा आगलागी भएको र बाताबरण प्रदुषण भएको भन्दै सम्बन्धी सरोकारवालालाई ध्यानाकर्षण गराईने समेत सर्ब सम्मत निर्णय प्रकारको सुभाव आएको छ त्यो अत्यन्तै सह्रानीय भएको भन्दै बैठकमा उठेको सवालको बारेमा कार्यपालिकामा बैठकको एजेण्डा बन्ने समेत बताए । मानव अधिकारका सवालमा मनहरी गाउँपालिका निक्कै सकारात्मक र कटिबद्ध रहेको भन्दै वडा अध्यक्ष अधिकारिले मानव हित भन्दा बाहिर गएर समाजको बिकास असम्भव रहेको समेत बताए । बैठकमा समुहका सदस्यहरू, ईन्सेक सहजकर्ता सलिना गौतम कोक्याप प्रतिनिधि सुजता पौडेल (अधिकारी) लगाएत अन्यको सहभागिता रहेको थियो ।

# पुलको मुख पालुङ-देउराली, चिसापानी, देउखेल चल्ती सडकको स्तरीकरण कार्य शुरु

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको वडा नम्बर ३ देखि ७ नम्बर वडाको चल्तीसम्म पुग्ने पुलको मुखबाट पालुङ हुँदै देउर ाली, चिसापानी, देउखेल चल्ती सडक स्तरीकरणको काम शुरू भएको छ । सो सडक निर्माणका लागि बि एण्ड पी निर्माण सेवाले ३ करोड ४७ लाख २५ हजार ७ सय ४७ रूपियाँमा ठेक्का पाएको छ । सडकका लागि ४ करोड ३१ लाख विनियोजन भएको थियो ।

सडक स्तरीकरणको २८ माघमा नेपाली काँग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'ले पालुङको ठूलोबेशी फाँटमा पुजा गरेर शुभारम्भ गरिन् । स्थानीय पूर्वाधार विकास अन्तर्गत स्तरीकरण हुन लागेको सो सडकको शुभारम्भ पुजा गर्न थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली, नेपाली काँग्रेस थाहानगर सभापति प्रमोदकृष्ण जोशीलगायत स्थानीयहरू समेत पुगेका थिए ।

नेपाली काँग्रेसकी नेतृ उपाध्यायको



विशेष पहलमा सो सडक स्तरोन्नतिको लागि बजेट व्यवस्था भएको बताइएको छ । सडक स्तरोन्नति शुभारम्भ गर्दै उपाध्यायले स्थानीय यातायातको सुविधा र विकासमा सडकले महत्वपूर्ण योगदान पुऱ्याउने बताइन् ।

योजनाको सफल कार्यान्वयनमा सबैको सहयोगको आवश्यक रहेको उनको भनाइ थियो । ३२ किलोमिटर लामो सो सडक स्तरोन्नतिमा आरसिसी ढलान, प्रिमिक्स, ग्याबिन वाललगायतको कार्य रहेको निर्माण व्यावसायी प्रदिप भट्टले जानकारी दिए । सडकलाई तीन खण्डमा विभाजन गरी काम हुने बताइएको छ । भट्टका अनुसार वडा नम्बर २, ३ र ७ मा सडक स्तरोन्नतिको काम हुनेछ । वि.सं. २०८३ श्रावण ८ गतेसम्म निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता छ ।

# थाहानगरमा फागुन २७ गतेबाट ८ कक्षाको परीक्षा

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा नगरस्तरीय आधारभूत शिक्षा कक्षा ८ को अन्तिम परीक्षा २७ फागुनबाट शुरू हुने भएको छ ।

परीक्षा समितिको २८ माघको निर्णयानुसार आउँदो २७ फागुनबाट परीक्षा सञ्चालन गर्ने भएको हो । बैठकले ६ फागुन भित्र ८ कक्षाको रजिष्ट्रेशन फारम भरी सक्नुपर्ने निर्णय गरेको थियो । फारम भरेर थाहानगरको शिक्षा शाखामा बुझाउन समेत सुचना गरिएको थियो । सो कार्य सबै पूरा भएकोले परीक्षा तालिका सार्वजनिक गरिएको पालिकाले जनाएको छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
3. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# गुणस्तरीय शिक्षाका लागि स्थानीय सरकार प्रतिवद्ध-बिष्ट

◆ विकास संवाददाता

थाहा नगरपालिका नगर कार्यपालिकाका प्रमुख बिष्णु बहादुर बिष्टले सामुदायिक विद्यालयको उचीत व्यवस्थापन गरी व्यावहारिक तथा रोजगार मूलक शिक्षामा लाग्नूपर्ने बताएका छन् ।

थाहानगरको १० नम्बर वडाको विसिङखेलमा रहेको चम्पाकेश्वर आधारभुत विद्यालयको ६३ औं वार्षिकोत्सवको उद्घाटन गर्दै प्रमुख विष्टले यस्तो बताएका हुन् । विष्टले सामुदायिक विद्यालयलाई अगाडी बढाउन नगरपालिकाको तर्फबाट हरकदम सहयोग गर्न तयार रहेको उल्लेख गरे । उनले गुणस्तरीय शिक्षाका लागि स्थानीय सरकार लागिरहेकोले त्यसमा अभिभावक, शिक्षक, विद्यार्थीहरू सबैले गुणस्तरीय शिक्षामा ध्यान दिनुपर्ने बताए ।

कार्यक्रममा विद्यालयकोतर्फबाट वार्षिक प्रगति प्रतिवेदन प्रधानाध्यापक बिनोद सुवेदीले प्रस्तुत गरेका थिए । प्रतिवेदनमा प्रधानाध्यापक सुवेदीले विद्यालयमा १ सय १५ जना विद्यार्थीहरूले अध्ययन गरिरहेको, विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई विद्यालय तथा विभिन्न संस्था तथा व्यक्तिहरू तथा नगरपालिकाले सहयोग प्रदान गर्दै आएको उल्लेख गरे ।

यसैबीच विद्यालयका विभिन्न विधामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कार तथा पुर्व विद्यार्थी बैकुण्ठ थापा र पुर्व जनप्रतिनिधि रामकृष्ण गमालले उपलब्ध गराएको शैक्षिक सामाग्री प्रदान गरिएको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खिन्द्र बहादुर थापाकोको अध्यक्षतामा भएको थियो ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा
जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# किसानलाई ऋणमा ब्याज अनुदान कार्यक्रम ल्याउँदैबागमती प्रदेश सरकार




◆ विकास संवाददाता

बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले किसानलाई लक्षित गर्दै ऋणमा ब्याज अनुदान कार्यक्रम ल्याउने तयारी गरेको छ। राष्ट्रिय किसान आयोगले हेटौंडामा आयोजना गरेको 'किसान हक, हित र सामाजिक सुरक्षा' विषयक बहस कार्यक्रममा ऋणमा ब्याज अनुदान ल्याउन लागिएको जानकारी गराइएको छ। बहस कार्यक्रममा किसानहरूले सरकारले दिने भनिएको अनुदान वास्तविक किसानले अझै नपाएको गुनासो गरेका थिए। किसानहरूलाई परिचयपत्रको व्यवस्था पनि छिटो गर्न उनीहरूले आग्रह गरेका थिए।

किसानहरूको गुनासो र सरकारसँगको अपेक्षा सुनेपछि प्रदेशका कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठले किसानहरूलाई कृषि कर्ममा हौसला वृद्धिका लागि आगामी आर्थिक वर्ष २०८२/८३ को कार्यक्रममा १४ अर्बको ऋणमा ब्याज अनुदान कार्यक्रम ल्याउन लागिएको जानकारी गराएका छन्। उक्त अनुदान उत्पादनमा आधारित भएर कृषकलाइदिइने उनको योजना छ। यस कार्यक्रमबाट प्रत्येक निर्वाचन क्षेत्रमा आवश्यकता र प्राथमिकताको आधारमा कृषकहरूलाई ५० करोड भन्दा माथि ऋणमा ब्याज अनुदान दिने सकिने मन्त्री श्रेष्ठले योजना सुनाए। श्रेष्ठले प्रदेश सरकारले सम्भाव्यता अध्ययनको आधारमा चितवन, मकवानपुर, काभ्रे, काठमाडौं र सिन्धुलीमा स्मार्ट फार्म हाउस निर्माणको तयारी पनि गरिरहेको समेत बताए। उनले तीन वटै तहको सरकारले कृषि क्षेत्रलाई आफ्नो प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए।

जमिनलाई बाँझो हुन नदिई किसानलाई कृषि कर्ममा प्रेरित गर्न मन्त्रालय लागि पर्ने उनको दाबी थियो। किसानको आँखामा सरकारले आँशु देख्न नचाहेको समेत उनले स्पष्ट पारे। यद्यपि सरकार ले दिएको अनुदानलाई जिम्मेवारी पूर्ण ढंगले सदुपयोग गर्न पनि उनले किसानरूलाई आग्रह गरेका छन्। किसानहरूको व्यवसायिक प्रवर्द्धनलाई सरकारले विशेष ध्यान दिने उनले बताए। कार्यक्रममा आयोगका सदस्य टेकबहादुर बोगटीले किसानको हक, हित र सामाजिक सुरक्षाको सम्बन्धमा प्रस्तुतीकरण राखेका थिए।

# समानीकरण अनुदानको तेस्रो किस्ताको ७६।७६ प्रतिशत बजेट कटौती




◆ विकास संवाददाता

चालु आर्थिक वर्ष २०८१/०८२ का लागि स्थानीय तह (स्थानीय सरकार)हरूलाई संघीय सरकारले उपलब्ध गराउने वित्तीय समानिकरण बजेट घटाएर पठाउने भएको छ। नेपाल सरकारको अर्थ मन्त्रालय अन्तर्गत वित्तीय समन्वय समन्वय महाशाखाको २३ माघमा भएको निर्णय अनुसार स्थानीय तहसहित प्रदेश सरकारले पाउने समानिकरण अनुदान समेत घट्ने भएको हो।

महालेखा नियन्त्रक कार्यालयले २८ माघमा देशभरका कोष तथा लेखा नियन्त्रक कार्यालयलाई परिपत्र गर्दै प्रदेश र स्थानीय तहका लागि तेस्रो किस्ता वापतको रकमको १३.२४ प्रतिशत मात्र हस्तान्तरण गर्न भनिएको छ। पत्रमा चालु आर्थिक वर्षको पौष मसान्तसम्म राजश्व लक्ष्यको ८४.३३ प्रतिशत मात्र संकलन भएको र सो अनुपातमा वित्तीय समानिकरण अनुदान हस्तान्तरण गर्न लेखी आए बमोजिम किस्ता घटाएर पठाउन परिपत्र गरिएको सो पत्रमा उल्लेख छ। नेपाल सरकारको विनियोजन ऐन अनुसार स्थानीय र प्रदेश सरकारलाई तोकिएको सिलिङ बजेटलाई २५ प्रतिशतका दरले चार किस्तामा बजेट पठाउने व्यवस्था छ।

यसैबीच गत आर्थिक वर्षमा पनि स्थानीय सरकारले पाउने अन्तिम तथा चौथो किस्तासम्म बजेट पठाउँदा ७४.११ प्रतिशतबाट नबढ्ने गरी बजेट पठाउन महालेखा नियन्त्रक कार्यालयले १२ वैशाखमा देशभरका कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई परिपत्र गरेको थियो।

सरकारको निर्णय लगत्तै नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघले राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक र राष्ट्रिय विकास परिषदको बैठकमा अनुदान रकम नघटाउन भन्दै ज्ञापन पत्र बुझाएका थिए। संघ तथा महासंघको ध्यानाकर्षण पश्चात् केही समानीकरण बढाएर पठाए पनि स्थानीय सरकारले शतप्रतिशत अनुदान प्राप्त सकेका थिएनन्।

## मकै बिउ प्रवर्द्धन कार्यक्रमको सूचना

सूचना प्रकाशित मितिः २०८१।१०।२२

थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर मकवानपुरको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संघीय सर्शत कार्यक्रम अन्तर्गत मकै बाली प्रवर्द्धन कार्यक्रम ५०% अनुदानमा कार्यक्रम संचालन गर्नु पर्ने भएकोले थाहा नगरपालिका भित्रका इच्छुक कृषक समुह र कृषि सहकारीहरुले यो सूचना प्रकाशित मितिले ३० दिन भित्र तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यस कार्यालयमा रित पूर्वक निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क.सं. | कार्यक्रम विवरण | कार्यक्रम सञ्चालन संख्या | बजेट (रु.हजारमा) | कार्यक्रम सञ्चालन विधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | मकै बिउ प्रवर्द्धन कार्यक्रम | १ | ७०० | उन्नत तथा नेपाली हाइब्रिड मकै विउमा ५० प्रतिशत अनुदान कृषि यान्त्रिकरणमा ५० प्रतिशत अनुदान | कमै विउलाई प्राथमिकता दिइने छ ।कार्यक्रम क्लस्टरमा सञ्चालन गरिनेछ । |

**आवश्यक कागजातहरू:**

१. निवेदन- १ प्रति (लेटरहेडमा अध्यक्षको नाम, मोबाइल नम्बर र समुह/सहकारीको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारीको दर्ता प्रमाणपत्रको दुबैतिर देखिने गरी प्रतिलिपि- १ प्रति
३. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि- १ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि- १ प्रति
५. कार्यक्रम संचालनको लागत स्टीमेट- १ प्रति
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

**अन्य जानकारीको लागि:**

मो.नं. ९८४५१०३३४१ र ९८४५०७२२०० मा सम्पर्क गर्न सकिने छ।
इमेल: adsthahamun@gmail.com

नोटः म्याद नाघी आएका र रित नपुगेका निवेदन लाई यस कार्यक्रममा समावेश गरिने छैन।

**थाहा नगरपालिका**


## फोहोरमैलाको उचित व्यवस्थापन गरौं !

- घरवरिपरी तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,
- फोहरलाई डस्विन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं,
- सकेसम्म प्लास्टिक प्रयोग नगरौं,
- प्लास्टिक तथा अन्य फोहरलाई नजलाऔं,
- कुहिने, नकुहिने र पुनः प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाडामा फोहोर राखौं।

फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


